बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# शिक्षण सिकाइ सहयोग अनुदानसम्बन्धी मापदण्ड, २०७८

## १. पृष्ठभूमी

यस प्रदेशभित्र सञ्चालित केही सामुदायिक माध्यमिक विद्यालयहरूले माध्यमिक तहमा शिक्षक दरबन्दी प्राप्त नगरी निजी स्रोतबाट व्यहोर्ने गरी माध्यमिक तह (कक्षा ९ र १०) सञ्चालन गर्ने अनुमति लिई पठनपाठन गराई रहेको पाइन्छ । माध्यमिक तहको दरबन्दी बिना सञ्चालन भएका माध्यमिक विद्यालयमा विषयगत शिक्षक अभावमा गुणस्तरीय पठनपाठन गर्न विद्यालयलाई समस्या परेको छ । सोही कुरालाई मनन गरी बागमती प्रदेश सरकारबाट गत विगत वर्षदेखि माध्यमिक तहमा शून्य दरबन्दी ( कुनै पनि माध्यमिक तहको दरबन्दी नभएको) भएका विद्यालयहरूमा शिक्षण सिकाइ सहयोग अनुदान वितरण गरिदै आइएको छ ।

सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९ र १०) मा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार यस प्रदेशभित्र माध्यमिक तहमा शून्य दरबन्दी भएका विद्यालयमा शिक्षण सिकाइ सहयोग अनुदान वितरण गर्न र अङ्ग्रेजी वा गणित वा विज्ञान विषयका शिक्षकको नियुक्तिलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले, विनियोजन ऐन, २०७८ को दफा १० (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले "शिक्षण सिकाइ सहयोग अनुदानसम्बन्धी मापदण्ड, २०७८" तर्जुमा गरिएको छ । यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

## २. विद्यालय छनोटका आधारहरु:

यस कार्यक्रमको लागि विद्यालय छनोटका देहाय बमोजिमका आधारहरू हुने छन:

क) माध्यमिक तहमा शून्य दरबन्दी भई न्युनतम कक्षा १० सम्म सञ्चालन भएको हुनुपर्ने छ ।
ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्ने छ ।
ग) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनुपर्ने छ ।
घ) विद्यालयले सम्बन्धित स्थानीय तहबाट तहगत रूपमा दरबन्दीको विवरण प्रमाणित गराइ पेस गर्नु पर्नेछ।
ङ) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्ने छ ।
च) विद्यालय सञ्चालनको भौगोलिक अवस्थितिलाई समेत आधार मानिने छ ।
छ) संघीय कार्यक्रममा समावेश नभएको विद्यालय हुनुपर्ने छ ।

## ३. विद्यालय छनोट प्रक्रिया:

निर्देशनालयले देहायको बुँदा न. २ बमोजिमका आधार पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई शिक्षण सिकाइ सहयोग अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्ने छ:

क) बुँदा न. २ बमोजिमका आधार पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक

सूचना निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने र सो सूचना शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत सूचना प्रवाह गर्न लेखी पठाउने ।

ख) निर्देशनालयलाई प्राप्त बजेटको सीमाभित्र रही बुँदा न. ३ (क) बमोजिम प्राप्त प्रस्तावनाहरूको जाँचबुझ तथा मूल्याङ्कन गरी बुँदा न. २ बमोजिमका आधार पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये बुँदा न. ५ बमोजिमको मापदण्ड अनुसार अनुमति प्राप्त वर्षको आधारमा जेष्ठताक्रम छुट्टिने गरी प्राथमिकताक्रम तोकि सबै भन्दा बढी अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालय छनोट गर्ने ।

ग) छनोट भएका विद्यालयहरूले तोकिएको समयमा सम्झौता गर्न नआएमा सोपछिको क्रमशः बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्ने ।

घ) विद्यालय छनोट गर्दा दुई वा सोभन्दा बढी विद्यालय एउटै मितिमा अनुमति लिएका रहेछन भने कक्षा ९ र १० को विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयलाई छनोट गर्ने ।

४. प्रस्तावना जाँचबुझ तथा मूल्याङ्कन समितिः विद्यालयबाट प्राप्त प्रस्तावको मुल्याङ्कन गरी शिक्षण सिकाइ अनुदान को लागि सिफारिस गर्न देहाय अनुसारकव समिति रहनेछ :

क) शिक्षा विकास निर्देशनालयका निर्देशक- संयोजक

ख) योजना तथा कार्यक्रम शाखाको प्रमुख/ अधिकृत, शिक्षा विकास निर्देशनालय- सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख, शिक्षा विकास निर्देशनालय - सदस्य

घ) शिक्षक सेवा आयोग शाखाको अधिकृत, शिक्षा विकास निर्देशनालय - सदस्य

समितिले आवश्यकता अनुसार बढीमा तिनजनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

५. छनोटका मापदण्डहरूः

शिक्षण सिकाइ सहयोग अनुदानका लागि प्रस्ताव पेस गर्ने विद्यालयहरू छनोट गर्दा तपसिलका मापदण्डका आधारमा गरिने छ,-

क) आधारभूत तहमा प्राप्त दरबन्दी – १० अङ्क

१) शिक्षा नियमावली अनुसार आधारभूत तहमा न्यूनतम् वा सोभन्दा बढी दरबन्दी भए-५ अङ्क

२) शिक्षा नियमावली अनुसार आधारभूत तहमा न्यूनतम् भन्दा कम दरबन्दी भए-७ अङ्क

३) शिक्षा नियमावली अनुसार आधारभूत तह कक्षा १-५ को मात्र दरबन्दी भए-१० अङ्क

ख) विद्यार्थी सङ्ख्या – १० अङ्क

१) कक्षा ९ र १० मा १०० जनाभन्दा माथि विद्यार्थी भए – १० अङ्क

२) कक्षा ९ र १० मा १०० जनाभन्दा कम विद्यार्थी भए – ७ अङ्क

ग) विद्यालय सञ्चालनको भौगोलिक अवस्थिति – १० अङ्क

१) महानगरपालिका र उपमहानगरपालिका भएमा– ६ अङ्क

२) नगरपालिका भएमा – ८ अङ्क

३) गाउँपालिका भएमा – १० अङ्क

६. शिक्षक भर्ना सम्बन्धी व्यवस्थाः

विद्यालयले उपलब्ध शिक्षण सिकाइ सहयोग अनुदानमा शिक्षण सेवा लिंदा देहाय अनुसार गर्नुपर्ने छः

क) प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा माध्यमिक तहको अङ्ग्रेजी वा गणित वा विज्ञान विषयमध्ये कुनै एक विषयको शिक्षक करार नियुक्ति गर्नुपर्ने छ । यो करार अवधि २०७९ असार मसान्तसम्मका लागि हुने छ ।

ख) विद्यालयले आफ्नै स्रोतबाट शिक्षा ऐन, नियमावलीको प्रक्रिया पुरा गरी बुँदा ६ (क) अनुसारको विषयको शिक्षक नियुक्ति गरी नियमित रुपमा पठनपाठन गरिरहेको शिक्षकको हकमा विद्यालयको स्रोत अभावले तलब भुक्तानी दिन कठिनाइ भएमा निजको शिक्षण कार्य सम्पादनको आधारमा अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय गराई भुक्तानी गर्न सकिने छ । यसरी शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्ने छ । तर सो रकमभन्दा बढी थप रकम निकासा गरिने छैन ।

ग) नियुक्त भएका शिक्षकको अभिलेख व्यवस्थापनका लागि विद्यालयले शिक्षा विकास निर्देशनालय र सम्बन्धित स्थानीय तहमा विवरण पठाउनुपर्ने छ ।

घ) विद्यालयले यो अनुदान रकमबाट तलब पाउने गरी भुक्तानी गरिएको शिक्षकको हकमा शिक्षा ऐन, नियमावलीअनुसार नियुक्ति भएको भनी स्थानीय तहको सिफारिस र शिक्षकलाई तलब भुक्तानी गरेको तलबी भरपाई स्थानीय तहबाट प्रमाणित गराई २०७९ श्रावण महिनाको पहिलो हप्ताभित्र शिक्षा विकास निर्देशनालयमा पेस गर्नुपर्ने छ ।

ङ) शिक्षण सिकाइ अनुदानका लागि छनोट भएको शिक्षकलाई हाजिर भएको मितिदेखि लागू हुने गरी माध्यमिक तह तृतीय श्रेणीको शिक्षकले पाउने सुरू तलब स्केल बराबर हुने गरी पारिश्रमिक उपलब्ध गराउनुपर्ने छ ।

७. शिक्षकको सेवा सर्त सुविधाः यस मापदण्ड अनुसार शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनोट भएका शिक्षकले माध्यमिक तह तृतीय श्रेणीको शिक्षकले पाउने सुरू तलब स्केल बराबरको रकम पारिश्रमिक स्वरूप दिइने छ।

८. करार सम्झौता रद्द हुनेः

(१) देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्ने छः

क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी विद्यालमा अनुपस्थित भएमा

ख) करार सम्झौतामा उल्लेख भएका सर्तहरू पालना नगरेमा

ग) शिक्षक आचारसंहिताको पालना नगरेमा

घ) विद्यालयले तोकेको अन्य कार्य सन्तोषजनक रूपमा नगरेमा

(२) बुँदा न. ८ (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानुनअनुसार मनासिब माफिकको मौका नदिइ सेवाबाट हटाउन पाइने छैन ।

९. विविध

क) बिवरण पठाउनु पर्ने: निर्देशनालयले शिक्षण सिकाइ सहयोग अनुदान कार्यक्रमका लागि छनोट गरिएको सामुदायिक विद्यालयको बिबरण मन्त्रालयमा पठाउनु पर्ने छ।

ख) लेखा तथा लेखापरीक्षण: विद्यालयहरूले शिक्षण सिकाइ सहयोग अनुदान कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

ग) सरकारी बाँकी सरह असुलउपर गरिने: शिक्षण सिकाइ सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरूले तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

घ) प्रचलित कानुन बमोजिम हुने: यस मापदण्डमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

सचिव

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

अनुसूची-१

(बुँदा न. ३ को (क) सँग सम्बन्धित)

विद्यालयको नाम, ठेगानाः

सञ्चालित कक्षाः

माध्यमिक तह सञ्चालन गर्ने अनुमति प्राप्त मितिः

क) शिक्षक विवरण

| तह | स्वीकृत दरबन्दी | राहत दरबन्दी | जम्मा |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | | | |
| आधारभूत तह (कक्षा ६-८) | | | |
| माध्यमिक तह (कक्षा ९-१०) | | | |

ख) स्थानीय तहबाट शिक्षक अनुदान पाएको छ छैन ..............................

पाएको भए कुन तह र कतिओटा पाएको छ ..............................

ग) निजी स्रोतबाट शिक्षक राखिएको छ छैन ..............................

राखिएको भए कुन कुन तहमा, कति कति जना र कुन कुन विषयको राखिएको छ ..............................

..............................

..............................

घ शिक्षा ऐन नियमको प्रक्रिया पुरा गरी शिक्षक नियुक्ति भए नभएको

ङ) विद्यार्थी विवरणः

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ९ | | | |
| १० | | | |
| कुल जम्मा | | | |

सलग्न राख्नुपर्ने कागजातहरू

१. माध्यमिक तह कक्षा सञ्चालनको अनुमति पत्र ।
२. स्थानीय तहबाट तहगत रूपमा दरबन्दी प्रमाणित गरेको पत्र ।
३. विद्यालयहरूले आवेदनसाथ हालसम्म दरबन्दी नपाएको एवम् माध्यमिक तहमा शून्य दरबन्दी भई सङ्घ/प्रदेश/स्थानीय तहबाट कुनै पनि शिक्षक अनुदान नपाएको भनी विद्यालय व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहले किटानी गरेको पत्र ।
४. माध्यमिक तहमा शिक्षा विकास तथा समन्वय इकाइबाट कुनै पनि दरबन्दी नपाएको किटानी पत्र
५. विद्यालयको आवश्यकताअनुसार अङ्ग्रेजी वा गणित वा विज्ञान मध्ये दोहोरो नहुने गरी कुनै एक विषयको शिक्षक प्रचलित कानुन बमोजिम नियुक्ति गर्ने वि.व्य.स.को प्रतिबध्दता

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री